# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
**प्रदेश नं. २, नेपाल**

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०
Web Site:- janakpurmun.gov.np


पत्र संख्या :- २०७८/७९
चलानी नं.:-

## नक्सा अभिलेखिकरण गर्ने सम्वन्धि सूचना

(प्रकाशित मिती २०७८/०९/०१)

यस उप-महानगरपालिका क्षेत्रभित्र भवनको नक्सा पासको अनुमति नलिई निर्माण भएका भवनको हकमा नगर सभाबाट पारित भए बमोजिम सम्वन्धित घरधनीहरुलाई तपसील अनुसार व्यवस्था भए बमोजिम भवनको नक्सापास/अभिलेखिकरणको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

**वडा नं. १ देखी १६ सम्म अनुमति नलिई भवन निर्माण भएको भवनको हकमा ९० दिने सूचनाः-**

१) सडकको न्युनतम चौडाई ४ मी. अथवा तोकिए बमोजिमको मापदण्ड र सेट व्याक न्युनतम १.५ मी. कायम गरी तोकिए बमोजिमको दस्तुर र स्थानीय सरकार संचालन ऐन बमोजिम जरिवाना लिई नक्सा अभिलेखिकरण गरिनेछ ।

**वडा नं. १७ देखी २५ सम्म अनुमति नलिई अथवा साविकमा निर्माण भएको हकमा ९० दिने सूचनाः-**

२) साविकमा निर्माण भएका भवनहरुको यथास्थितीमा सडकको चौडाईको मापदण्ड र सेट व्याक कायम गरी तोकिए बमोजिमको दस्तुर र स्थानीय सरकार संचालन ऐन बमोजिम जरिवाना लिई नक्सा अभिलेखिकरण गरिनेछ ।

**सम्पुर्ण वडाहरुको हकमाः-**

३) साविकको मापदण्ड अनुसार स्विकृति लिई निर्माण भईसकेको भुई तल्ला भवनमा तल्ला थप गर्नुपरेमा पिलरमा १२ मी.मी.को ४ वटा डण्डी प्रयोग भएको अवस्थामा पहिलो तल्लासम्म र १२ मी.मी.को ६ वटा डण्डी प्रयोग भएको अवस्थामा दोश्रो तल्लासम्मको ईजाजत दिईनेछ र सो भन्दा (पहिलो र दोश्रो तल्ला) माथि निर्माण भएका तल्लाहरु को अभिलेखिकरण गरिने छैन ।

४) लोड बेयरिङ्ग (पिलर नभएको) प्रणाली अनुसार न्युनतम १० ईन्च पर्खाल राखी निर्माण भएको भवनको हकमा भुई र पहिलो तल्लासम्मको मात्र अभिलेखिकरण/नक्सा पास गरिनेछ ।

**आवश्यक कागजातहरुः-**

१. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी थान-१
२. आर्थिक वर्षको तिरो तिरेको रशिदको प्रतिलिपी थान-१
३. नागरिकताको प्रतिलिपी थान-१
४. नापी कार्यालयबाट प्रमाणित जग्गाको सक्कल नक्सा थान-१
५. भुई तथा अन्य तल्लाको नक्सा पास भएको हकमा भवनको पास नक्साको प्रतिलिपी थान-१
६. अगाडीको मोहडा, सडक र सम्पुर्ण तल्लाहरु प्रष्ट देखिने गरि खिचिएको रंगिन फोटो थान- आवश्यकता अनुसार
७. जग्गाको Co-Ordinate समेतको Google Map फोटो-१ थान

**नोटः-**

१. नक्सा दरखास्त साथ संलग्न रहेको प्राविधिक प्रतिवेदन पत्र नक्सा बनाउने कन्सल्टेन्सी वा प्राविधिकले अनिवार्य रुपमा भर्नु पर्नेछ र पछि यस कार्यालयका प्राविधिकबाट स्थलगत निरीक्षण/सरजमिन गर्दा पेश गरेको नक्साभन्दा फरक परेमा नियमानुसार कारवाही हुनेछ ।
२. यो नक्सा अभिलेखिकरणको कार्य अन्तिम पटकको लागी हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**